जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ९२ २०८२ साल कात्तिक २० गते बिहीबार (6 Nov 2025 Tursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचनमैत्री समाचार सामग्रीलाई... ३ पृष्ठमा : न्युयोर्कमा ऐतिहासिक ... ३ पृष्ठमा फिलिपिन्समा कलमेगी ...

# परिवर्तन ल्याउन सक्षम, इमान्दार र स्थानीय क्षेत्रकै बासिन्दालाई जिताउनुपर्छ : रन्जु ठाकुर

**दैनिक समाचारदाता**
**राजविराज, १९ कात्तिक ।**

निवर्तमान प्रतिनिधिसभा सदस्य रञ्जु ठाकुरले अब हुने निर्वाचनमा सप्तरीको निर्वाचन क्षेत्र नम्बर २ बाट उम्मेदवारी दिने बताएकी छिन् ।

राजविराजमा बुधबार सञ्चारकर्मीहरु संग कुरा गर्दै उनले यस्तो बताएकी छिन् । आफू जन्मेको निर्वाचन क्षेत्र यही भएको र यहाँको जमिनी अवस्थाबारे पूर्ण जानकार पनि भएकोले आफू यस क्षेत्रका लागि उपयुक्त उम्मेदवार भएको दावी गरेकी हुन् । यद्यपी कुन पार्टीबाट चुनावमा उम्मेदवार बन्ने भन्नेबारे उनले खुलाइनन् ।

निर्वाचन क्षेत्र नं. २ को शिक्षा, स्वास्थ्य र विकासको अवस्थाबारे चिन्ता व्यक्त गर्दै उनले यो सबैमा उल्लेख्य परिवर्तन ल्याउन सक्षम, इमान्दार र यसैक्षेत्रको बासिन्दालाई जिताउनुपर्ने धारणा राखिन् ।



"निर्वाचनमा यसै निर्वाचन क्षेत्रमा जन्मिएको इमान्दार र जमिनी अवस्थाबारे जानकार उम्मेदवारलाई जिताउनु आवश्यक छ" उनले भनिन् "त्यसका लागि आफुलाई उपयुक्त ठान्दछु ।"

आफूले निर्वाचन क्षेत्र नं. २ का समस्याबारे सबै भन्दा बढी आवाज उठाएको भन्दै यस क्षेत्रको विकासका लागि पनि निकै प्रयास गरेको जानकारी दिईन् । "मैले पहल गरेर यसबर्ष १५ करोड बजेट विनियोजन गराउन सफल भएकी छु" ठाकुरले भनिन् ।

विगतमा पनि यहाँको विकासका लागि आफूले पहल गरेर धेरै काम गरेपनि त्यसको प्रचारबाजी नगरेको हुँदा जनतामा नेताहरु केही काम गर्दैन भन्ने सन्देश बढी फैलिएको गुनासो गर्दै उनले राम्रो र सकारात्मक कामलाई उजागर गरिदिन सञ्चारकर्मीहरुलाई आग्रह समेत गरिन् ।

"जनतामा नेता केही गर्दैनन् भन्ने भावना फैलिएको छ, हाम्रो प्रयासमा भएका विकसिय कामहरुबारे कलम चलाउनुस र यसले आम जनतामा सकारात्मक सोचको विकास हुन्छ" उनले भनिन् ।

# मधेशका मुख्यमन्त्रीले २२ गते विश्वासको मत लिने

**दैनिक समाचारदाता**
**राजविराज, १९ कात्तिक ।**

मधेस प्रदेशका मुख्यमन्त्री जीतेन्द्र सोनलले कात्तिक २२ गते विश्वासको मत लिने भएका छन् । यसका लागि उनले प्रदेशसभा सचिवालयलाई बुधबार पत्र बुझाएका हुन् ।

प्रदेशसभा सचिवालयमा सरकारमा सहभागी दलका संसदीय दलका नेताहरूले पत्र बुझाउँदै संविधानको धारा १६८ को उपधारा (४) बमोजिम कात्तिक २२ गते विश्वास मत प्राप्त गर्नका लागि वातावरण वातावरण मिलाइदिन अनुरोध गरेका छन् । सोनल गत असोज २९ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

# भन्सार छलीका सामान भन्सार बुझाइयो

**दैनिक समाचारदाता**
**राजविराज, १९ कात्तिक ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले भन्सार छलीका सामान नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाएको छ ।

जिल्ला प्रहरी तथा मातहतका कार्यालयहरुले चोरी पैठारी गरी ल्याउँदै गरेको किराना तथा कपडा लगायतका सामान नियन्त्रणमा लिई राजविराज भन्सार कार्यालयमा बुझाएको हो ।

भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरेर ल्याइएका नौ लाख ४२ हजार ८ सय ८५ रुपैया बराबरको सामान भन्सारमा बुझाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

# कमला नदीमा स्नान गर्ने भक्तजनको घुइँचो



**दैनिक समाचारदाता**
**सिरहा, १९ कात्तिक ।**

सिरहा र धनुषाको सीमा भएर बग्ने कमला नदीमा कार्तिक पूर्णिमाका अवसरमा बुधबार बिहानैदेखि भक्तजनहरूको भीड लागेको छ ।

धार्मिक मान्यताअनुसार कमला नदीमा स्नान गर्दा 'भूत-प्रेत' हट्ने विश्वास रहँदै आएको छ । यही विश्वासका कारण विभिन्न जिल्लाका श्रद्धालुहरू नदीमा स्नान गर्न आएका हुन् । नदी क्षेत्रको इनर्वा, ब्यारेज, कमला पुल, सिक्रौन, चतरी, बेलहा, बडेर्वा, पटेर्वा, बसबिट्टा र सीमावर्ती भारतको जयनगरसम्म बिहानैदेखि भक्तजनहरूको ठूलो भीड लागेको छ ।

प्रत्येक वर्षजस्तै यस वर्ष पनि उदयपुर, सप्तरी, सिरहा, धनुषा, सर्लाही, महोत्तरी, रौतहट तथा भारतको बिहारसम्मका श्रद्धालुहरू कमला स्नानका लागि आएका छन् । स्थानीय निकायहरूले मेलाले धार्मिक एकता, सामाजिक सद्भाव र पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरेका छन् ।

यस अवसरमा सिरहा नगरपालिका, कल्याणपुर नगरपालिका, कर्जन्हा नगरपालिका र विष्णुपुर गाउँपालिकाले स्थानीय बिदा दिएका छन् । स्थानीय तहहरूले पूर्णिमा स्नान र 'भूत मेला' (देवता मेला) को धार्मिक परम्पराको संरक्षण तथा सहभागिताको लागि बिदा दिएको जनाएका छन् ।

मेलाको समयमा नदी किनारमा भजन-कीर्तन, नृत्य र विभिन्न धार्मिक कार्यक्रमहरू आयोजना भइरहेका छन् । मेलालाई सिरहा जिल्लाको प्रमुख धार्मिक, सांस्कृतिक र ऐतिहासिक धरोहरका रूपमा मानिन्छ ।

# राजदूत फिर्ता बोलाउने सरकारको निर्णयप्रति बारको ध्यानाकर्षण

काठमाडौं, १९ कात्तिक (रासस) ।

नेपाल बार एसोसिएसनले राजदूत फिर्ता बोलाउने निर्णयका सम्वन्धमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेकाले उक्त निर्णयप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले बुधबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा हालै राजदूत फिर्ता बोलाउने नेपाल सरकारको निर्णयका सन्दर्भमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन भई अन्तरिम आदेश जारी भइरहेको अवस्थामा सम्बन्धित राजदूतलाई सरकारले परराष्ट्र मन्त्रालयमा काम, काज गर्नेगरी फिर्ता बोलाइएकोप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ ।

"अदालतको फैसला वा आदेशको परोक्ष रूपले पालना नगर्ने कार्यले स्वेच्छाचारिताको प्रवर्द्धन गर्दछ", विज्ञप्तिमा भनिएको छ, "अदालतको आदेश वा फैसला अक्षरसः पालनाका लागि अनुरोध गर्दै अदालतप्रतिको आस्थामा आँच आउने कुनै पनि कार्य नगर्न सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछौं ।"

बारले अदालतको फैसला वा आदेशउपर स्वस्थ, प्राज्ञिक छलफल गर्न सकिए पनि उक्त फैसला वा आदेश प्रत्यक्ष वा परोक्ष रूपले पालना गर्नु सबैको कर्तव्य भएको जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, "संवैधानिक प्रावधान, संविधानवाद, स्वतन्त्र न्यायपालिकासम्बन्धी

*बाँकी अन्तिम पृष्ठमा*

**बिपद्को पूर्व तयारी गरौं।**

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता विपद्जन्य जोखिमबाट जोगिनः

- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा विपद् व्यवस्थापन योजना बनाऔं,
- अफवाह नफैलाऔं — आधिकारिक जानकारीमा मात्र भर परौं।

विपद् रोक्न सकिँदैन, पूर्व तयारी गरे क्षति घटाउन सकिन्छ !

नेपाल सरकार
विज्ञापन बोर्ड

# मलेसिया सरकारलाई वैदेशिक रोजगारसम्बन्धी मापदण्ड स्वीकार गर्न नसकिनेबारे पत्राचार

काठमाडौँ, १९ कात्तिक (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मलेसिया सरकारले नेपाललगायत पाँच देशमा लक्षित 'म्यानपावर' कम्पनीका लागि निर्धारण गरेको १० बुँदे मापदण्ड स्वीकार गर्न असमर्थन रहेकाबारे जानकारी गराएको छ ।

मन्त्रालयले मंगलबार परराष्ट्र मन्त्रालयमार्फत मलेसिया सरकारलाई लिखित रूपमा पत्र पठाएर उक्त जानकारी गराएको मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार मलेसियाले वैदेशिक रोजगारका सन्दर्भमा म्यानपावर कम्पनीलाई निर्धारण गरेका १० बुँदे मापदण्ड लागू गर्न असमर्थन रहेको जनाउँदै यस समस्यालाई कूटनीतिक हिसाबले समाधान निकाल्न पत्राचार गरिएको हो ।

"मलेसिया सरकारले ल्याएको मापदण्डमा व्यवसायीबाटै विमति आएको छ", प्रवक्ता घिमिरेले भन्नुभयो,"हालको अवस्थामा भएको मापदण्ड स्वीकार गर्न हामी असमर्थ भएको जानकारी पत्र परराष्ट्रसमक्ष बुझाएका छौँ ।"

मलेसियाको परराष्ट्र मन्त्रालयले क्वालालम्पुरस्थित नेपाली दूतावासलाई पत्राचार गरेर १० बुँदे मापदण्डबारे जानकारी गराएको थियो । त्यसअनुसार मलेसियाको मानव संसाधन मन्त्रालयले १५ नोभेम्बर २०२५ भित्र म्यानपावर कम्पनीको विवरण पठाउन अनुरोध गरेको छ । यस्ता देशमा नेपालसहित भारत, बङ्गालादेश, पाकिस्तान र म्यानमार छन् ।

इजाजतपत्र लिएको कम्तीमा पाँच वर्ष भएको, पछिल्लो तीन वर्षमा तीन हजार श्रमिक पठाएको अनुभव र प्रमाण, एजेन्सीहरूले पछिल्ला पाँच वर्षभित्र कम्तीमा तीन देशमा श्रमिक पठाएको हुनुपर्ने, सम्बन्धित निकायबाट तालिम, मूल्याङ्कन, भर्ती र कामदार पठाउनेसम्बन्धी सबै वैध अनुमति प्राप्त गरेको र आफ्नो देशका सम्बन्धित निकायबाट जारी गरिएको सदाचार प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने भनिएको छ ।

साथै, म्यानपावर कम्पनी कुनै प्रकारका जबर्जस्ती श्रम, मानव बेचबिखन, श्रम ऐन उल्लङ्घन, जबर्जस्ती असुली जस्ता गलत क्रियाकलापमा संलग्न नरहेको, कम्पनी कम्तीमा १० हजार वर्गफिट क्षेत्रमा स्थायी रूपमा सञ्चालनमा रहेको र पर्याप्त पूर्वाधार भएको, कुनै ठगी वा अन्य आर्थिक आपराधिक क्रियाकलापमा संलग्न नरहेको हुनुपर्ने र अन्तरराष्ट्रिय रोजगारदताबाट प्राप्त सिफारिस पत्र( टेस्टिमोनियल) पेस गर्नुपर्ने मापदण्डमा उल्लेख छ । यस मापदण्डमा वैदेशिक रोजगार व्यवसायीहरूले विमती जनाउदै आएका छन् ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# निर्वाचनमैत्री समाचार सामग्रीलाई प्राथमिकता दिन सरकारी सञ्चारमाध्यमलाई सञ्चारमन्त्री खरेलको आग्रह

काठमाडौँ, १९ कात्तिक (रासस) ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकार घोषित मितिमै निर्वाचन सम्पन्न गर्ने गरी क्रियाशील रहेकाले यस कार्यमा सहयोग पुग्ने समाचार सामग्रीलाई प्राथमिकता दिन आग्रह गर्नुभएको छ ।

मंगलबार सिंहदरबारस्थित सञ्चार मन्त्रालयमा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यमका सम्पादकीय नेतृत्वसँग छलफल गर्दै उहाँले यस कार्यमा सरकारी सञ्चारमाध्यम थप जिम्मेवार र जवाफदेही हुनुपर्नेमा जोड दिनुभयो ।

मन्त्री खरेलले सरकारको प्राथमिकतामा रहेको निर्वाचन, सुशासन, भ्रष्टाचार नियन्त्रण तथा 'जेनजी' पुस्ताको भावनाअनुरूपका 'कन्टेन्ट' सम्प्रेषण गर्न आग्रह गर्नुभयो । "सरकार निर्वाचन, सुशासन र जेनजीको आवाजलाई सम्बोधन गर्न क्रियाशील छ । यसमा सबैको सहयोगका लागि पछिल्लो समय चरणबद्ध रूपमा राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मीलगायतसँग वार्ता र संवाद गरेर सहजीकरणमा लागेको छ", उहाँले भन्नुभयो,"यसमा आमसञ्चार माध्यमको अझ बढी भूमिका छ । यसमा सरकारी सञ्चार माध्यमले अझै जिम्मेवार रूपमा निर्वाचनको माहोल बनाउन र पछिल्लो समय उत्पन्न परिस्थितिको सहज रूपान्तरणका लागि भूमिका खेल्नसक्छन । त्यसका लागि यहाँहरू सबैलाई मेरो आग्रह छ ।"

निर्वाचनको माहोल बनाउन सरकारले राजनीतिक दल र 'जेनजी' प्रतिनिधिसँग निरन्तर संवाद र अन्तरक्रिया गरिरहेको छ । प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा यही कात्तिक १२ गते सरकार, राजनीतिक दल र जेनजी प्रतिनिधिबीच संयुक्त छलफल भएको थियो । त्यसअघि गत कात्तिक ४ गते सरकार र राजनीतिक दलबीच छलफल भएको थियो । यी छलफलले निर्वाचनका लागि सकारात्मक वातावरण सिर्जना गरेको मन्त्री खेरलको भनाइ छ । निर्वाचन, सुशासन र जेनजीको भावनाअनुरुप काम गर्न सरकारले सरोकार भएकाहरूसँग निरन्तर विभिन्न चरणमा छलफल र पैरवी गरिरहेको उहाँले बताउनुभयो ।

सरकारको प्रवक्तासमेत रहनुभएका मन्त्री खरेलले निर्वाचन केन्द्रित भएर विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिसँगको छलफललाई समेत प्राथमिकतामा राखेको बताउनुभयो । "फागुन २१ गतेको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सरकारले सबै खाले तयारी गरिरहेको छ । निर्वाचनको माहोल बनाउन राजनीतिक दल र जेनजी प्रतिनिधि पनि सकारात्मक र प्रतिवद्ध रहेको पाएका छौँ", उहाँले भन्नुभयो,"यिनै विषयवस्तुलाई प्राथमिकतामा राखेर समाचार, तस्बिर, श्रव्यदृश्यलगायत सामग्री पस्कन अनुरोध छ ।"

मन्त्री खरेलले निर्वाचन भएन भने मुलुक सङ्कटतर्फ जानसक्ने खतरा रहने भन्दै सरकार निर्वाचनलाई विशेष प्राथमिकता दिएर आवश्यक तयारीमा जुटिसकेको दोहोऱ्याउनुभयो । "यसर्थ राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यमले निर्वाचनको पक्षमा बहस र पैरवी गर्न जरूरी छ । सरकारी सञ्चारमाध्यमले निर्वाचन, सुशासन र 'जेनजी'सम्बन्धी विषयवस्तु उत्पादन, प्रसारण र सम्प्रेषण गर्न जोड दिनुपर्‍यो । जेनजी समूहको आवाज, सहिद परिवारका भनाइ, उनीहरूका कथा, पीडा, घाइतेका विचारलाई अझ बढी प्राथमिकतामा राखेर प्रकाशन, प्रसारण गर्न मेरो आग्रह छ", उहाँले भन्नुभयो ।

सञ्चारमन्त्री खरेलले नागरिक सरकार भएकाले हिजोको जस्तो राजनीतिक दबाब सरकारी सञ्चारमाध्यममा नभएकाले निर्धक्क साथ आमनागरिकको सर्वोपरी हितमा निष्पक्ष, सन्तुलित र विश्वसनीय समाचार सामग्री सम्प्रेषण गर्न आग्रह गर्नुभयो । उहाँले परिवर्तित सन्दर्भमा सरकारी सञ्चारमाध्यमले खेलेको भूमिकाको सराहना गर्दै 'जेनजी भ्वाइस' शीर्षकमा जेनजी सहिद, घाइते र पीडित परिवारको पीडा, वेदना र समस्यालाई उजागर हुनेगरी समाचार, श्रव्यदृश्यलगायत सामग्री दिन आग्रह गर्नुभयो ।

छलफलमा सरकारका चारवटै सञ्चारमाध्यमका प्रतिनिधिले निर्वाचनसहित सरकारका गतिविधि, सुशासन, जेनजीका सरोकार र प्राथमिकता, आर्थिक विकासलगायत विषयलाई प्राथमिकताका साथ सम्प्रेषण गरिएको बताउनुभयो । उहाँहरूले सरकारका काम कारवाहीसम्बन्धी सूचना र गतिविधि एकद्वार प्रणालीमार्फत प्रवाह गर्ने प्रबन्धका निम्ति सञ्चारमन्त्रीसमक्ष आग्रह गर्नुभयो ।

राष्ट्रिय समाचार समिति ( रासस) का प्रधानसम्पादक उत्तम सिल्वालले निर्वाचन, सुशासन र जेनजीको भावनाबमोजिमका समाचार सामग्रीलाई राससले प्राथमिकताका साथ सम्प्रेषण गरिरहेको बताउनुभयो । राससका प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपानेले सरकारी निकायको सूचना पहुँच सहज र जेनजी सहिद तथा घाइतेका विषयवस्तुलाई प्राथमिकताका साथ सम्प्रेषण गरिने प्रतिबद्धता जनाउनुभयो ।

गोरखापत्र संस्थानका निमित्त प्रधानसम्पादक जुनारबाबु बस्नेतले निर्वाचनको वातावरण बनाउनेगरी विषयवस्तु, सुशासन र जेनजीका विषयलाई समाचार सामग्रीमा प्राथमिकता दिइएको बताउनुभयो । संस्थानका डिजिटल प्रमुख नारदमणि गौतमले सरकारी सूचना र गतिविधि सङ्घीय सरकारका मन्त्रालय र निकायबाट एकद्वार प्रणालीमा आउनसके सम्प्रेषणमा सहज हुने उल्लेख गर्नुभयो ।

सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनका समाचार महाशाखा प्रमुख पुष्पहरि क्याम्प राईले परिवर्तित सन्दर्भमा बढी सचेत र संवेदनशील भएर काम भइरहेको जानकारी दिनुभयो । नेपाल टेलिभिजनका अनलाइन संयोजक गोविन्द धितालले निर्वाचनका मुख्य पक्ष राजनीतिक दललाई निर्वाचनको पक्षमा लैजान तथा जेनजी समूहको आधिकारिकता र प्राथमिकताका विषयलाई सम्प्रेषण गरिने प्रतिबद्धता जनाउनुभयो ।

सार्वजनिक सेवा प्रसारण नेपाल,रेडियो नेपालका समाचार महाशाखा प्रमुख पवन प्याकुरेलले निर्वाचनको माहोल बनाउन सरकार, राजनीतिक दल र जेनजीको भूमिकाको विषयलाई प्राथमिकताका साथ सम्प्रेषण गर्ने काम भइरहेको जानकारी गराउनुभयो । रेडियोका उपनिर्देशक प्रमोद दाहालले सरकारको प्राथमिकताको आधारमा विषयवस्तुमा एकरुपता कायम गरिनुपर्ने, निर्वाचन र जेनजीको आवाजलाई विशेष प्राथमिकता दिइनुपर्नेमा जोड दिनुभयो ।

# 'श्रमाधान कल सेन्टर'मा गुनासा बढे, तर धेरै समाधान भएनन्

काठमाडौँ, १८ कात्तिक (रासस) ।

वैदेशिक रोजगार बोर्डले सञ्चालन गरेको 'श्रमाधान कल सेन्टर'मा समस्या सुनाउनेको सङ्ख्या बढे पनि तिनको समाधान भने कम भएको पाइएको छ ।

बोर्डको वार्षिक प्रगति प्रतिवेदनमा २०८१/८२ मा कल सेन्टरमा ९५ हजार ६७ जनाले समस्या टिपाएका ३३ हजार ४३० का समस्या मात्रै समाधान भएका छन् । जसमा ६१ हजार ६३७ जनाका समस्या समाधान हुन सकेका छैनन् ।

यस्तै, २०७६/७७ देखि २०८१/८२ सम्म समस्या सुनाउने प्रवृद्धि बढेको देखिए पनि समाधानको अवस्था अझै प्रभावकारी हुन नसकेको तथ्याङ्कले देखाएको छ । वैदेशिक रोजगारीको सिलसिलामा समस्यामा परेका नेपाली कामदारको गुनासो सुनुवाइ गरी सम्बन्धित निकायबाट यथाशीघ्र सहयोग उपलब्ध गराउने उद्देश्यले विसं २०७५ चैतदेखि कल सेन्टर स्थापना एवं सञ्चालन सुरु गरिएको हो ।

यस्तै, बोर्डबाट वैदेशिक रोजगारमा रहेका कामदारको स्वास्थ्य समस्या सम्बोधन गर्ने उद्देश्यले 'टेलिमेडिसिन' सेवा सञ्चालनसमेत सञ्चालनमा छ । यसमा पनि आव २०७९/८० देखि २०८१/८२ सम्म आठ हजार ५७९ सेवाग्राही रहेका छन् । यसमार्फत भने सतप्रतिशत समस्या समाधान भएको तथ्याङ्क छ ।

बोर्डले १८औँ स्थापना दिवसका सन्दर्भमा मंगलबार वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरेको हो । प्रधानमन्त्री सुशीला कार्कीलाई समेत बुझाइएको प्रतिवेदनमा कल सेन्टर वैदेशिक रोजगारका क्रममा समस्यामा परेका नागरिकको महत्वपूर्ण सहयोगी हुने उल्लेख छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा कृष्णहरि पुष्करले वैदेशीक रोजगारबारे उठेका समस्या समाधानका लागि मन्त्रालय सधैँ चनाखो रहदै आएको बताउनुभयो । उहाँले कल सेन्टरको प्रभावकारिता बढेको र कतिपय समाधान गर्न नसकिने समस्यासमेत आउने गरेको बताउनुभयो ।

बोर्डका कार्यकारी निर्देशक डा द्वारीका उप्रेतीले कल सेन्टरमार्फत समस्या टिपाउने तर समाधान भइसकेपछि पुनःसम्पर्क नगर्दा समाधानको तथ्याङ्क कम देखिएको धारणा राख्नुभयो ।

बोर्डले २०७७ देखि २०८२ सम्म ४५,२४४ जनाले निःशुल्क सीप विकास तालिम प्राप्त गरेको जनाएको छ ।

# सरकारका नाममा कारण देखाउ आदेश

काठमाडौँ, १९ कात्तिक (रासस) ।

सर्वोच्च अदालतले गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगविरुद्ध दायर भएको रिट निवेदनमा कारण देखाउ आदेश जारी गर्दै लिखित जवाफ माग गरेको छ ।

कामु प्रधानन्यायाधीश हरिप्रसाद फुयाल र न्यायाधीश अब्दुल अजीज मुसलमानको संयुक्त इजलासले सोमबार जारी गरेको आदेशमा लिखित जवाफ माग गर्दै कारण देखाउ आदेश जारी गरेको हो ।

"यसमा मिति २०८२/०६/०५ मा गठन भएको जाँचबुझ आयोगका अध्यक्ष वा सदस्यले के, कुन उद्देश्य र आसयसहित निवेदनसाथ पेस भएका निजहरूका धारणाहरू सार्वजनिक भएका हुन भन्ने सम्बन्धमा निजहरूको लिखित जवाफमा खुल्ने नै देखिँदा तथा जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३(२) बमोजिम गठन भएको देखिन्छ", आदेशमा भनिएको छ, "जाँचबुझ आयोगको निवेदकको प्रकृति र क्षेत्राधिकारलाई हेर्दा आयोगका पदाधिकारीहरूले जाँचबुझ गर्नुपर्ने विषयमा अग्रीम धारणा व्यक्त गरेको भएमा संविधानको धारा २०(९) को प्रयोग र अभ्यासको सम्बन्धमा के, कस्तो असर पर्दछ तथा प्राकृतिक न्यायको सिद्धान्तअनुसार कुनै छानबिन, जाँचबुझ तथा प्रशासकीय वा न्यायिक प्रकृतिको कार्य गर्दा पूर्वधारणा व्यक्त गरेको अवस्थामा पूर्वाग्रहको सिद्धान्त आकर्षित हुने हो वा होइन धारणा निर्माण गर्न आवश्यक देखिएको छ ।"

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेतलाई विपक्षी बनाई सो आयोगविरुद्ध विपिन ढकालले दायर गरेको उक्त रिट निवेदनमा पूर्वाग्रही र विषयवस्तुबारे तटस्थ नभएको भन्ने उल्लेख छ ।

आदेशमा भनिएको छ, "अदालतले इजलाससमक्ष अन्तरिम आदेश जारी गर्ने/नगर्ने सम्बन्धमा पेस भएको देखिँदा प्रस्तुत विषयको अन्तरवस्तु हेर्दा अन्तरिम आदेश माग गरेको विषय पूर्ण सुनुवाइबाट निरुपण गर्नुपर्ने प्रकृतिको देखिएकाले निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन ।"

उक्त घटनामा छानबिन गर्न गठित जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीसहित सदस्यहरू विज्ञानराज शर्मा र विश्वेश्वरप्रसाद भण्डारीविरुद्ध सो रिट निवेदन दायर भएको थियो ।

# न्युयोर्कमा ऐतिहासिक विजय : वामपन्थी जोहरान ममदानी मेयर निर्वाचित, डेमोक्रेटहरूको मनोबल उकासियो

न्युयोर्क, १९ कात्तिक (रासस/एएफपी)।

अमेरिकाको राजनीतिक केन्द्र मानिने न्युयोर्क सहरमा मङ्गलबार भएको निर्वाचनमा युवा वामपन्थी नेता जोहरान ममदानीले मेयर पदमा ऐतिहासिक विजय हासिल गर्नुभएको छ। यो परिणामले न्युयोर्कको राजनीतिक दिशा परिवर्तन गरेको मात्र नभई सन् २०२६ को मध्यावधि निर्वाचनअघि राष्ट्रपति डोनाल्ड ट्रम्पका लागि प्रारम्भिक चेतावनीको रूपमा समेत देखिएको छ।



ममदानीको यो विजयी परिणामसँगै डेमोक्रेटिक पार्टीले भर्जिनिया र न्युजर्सीको गभर्नर चुनावमा पनि उल्लेखनीय सफलता हात पारेको छ। यी परिणामहरूले ह्वाइट हाउसमा ट्रम्पको पुनरागमनपछि कमजोर भएको डेमोक्रेटहरूको मनोबल पुनः उच्च बनाएको छ भने रिपब्लिकनहरूमा भने चिन्ताको घण्टी बजाएको छ।

व्यापारिक अभिजात वर्ग, रूढिवादी मिडिया र ट्रम्प आफैँले पनि उहाँको नीति र मुस्लिम पृष्ठभूमिमाथि तीव्र प्रहार गर्दै आउनुभएको थियो। तथापि, ती सबै आलोचनाबीच ममदानीको विजयले समावेशी र प्रगतिशील राजनीतिक शक्तिको उदयको सङ्केत गरेको छ।

"यदि कुनै स्थानले डोनाल्ड ट्रम्पद्वारा विभाजित राष्ट्रलाई कसरी पुनः एकीकृत गर्ने भनेर देखाउन सक्छ भने, त्यो स्थान यही सहर हो – जसले उहाँलाई जन्म दियो", ममदानीले विजय भाषणमा समर्थकहरूलाई सम्बोधन गर्दै भन्नुभयो, "राजनीतिक अन्धकारको यस घडीमा न्युयोर्क उज्यालो बन्नेछ।"

भर्जिनिया र न्युजर्सीमा डेमोक्रेटहरूको गभर्नर पदमा जितले देशको राजनीतिक मुडमा परिवर्तन आएको सङ्केत गरेको छ। यसैबीच, क्यालिफोर्नियामा मतदाताहरूले ट्रम्प समर्थित जेरीम्यान्डरिङ्ग (निरन्तर निर्वाचन क्षेत्र पुनःसंरचना) रोक्ने प्रस्ताव पारित गर्दै चुनावी निष्पक्षतामा जोड दिएका छन्।

अर्कोतर्फ, ट्रम्पले भने परिणामको जिम्मेवारी लिन अस्वीकार गर्दै आफ्नै 'ट्रुथ सोसल' प्लेटफर्ममा अज्ञात पोलस्टरहरू उद्धृत गर्दै रिपब्लिकन पराजयको कारण सरकार बन्द हुनु र मतपत्रमा आफ्नो नाम नहुनु रहेको दाबी गर्नुभएको छ।

सदनका डेमोक्रेटिक नेता हकीम जेफ्रीजले 'डेमोक्रेटहरूले डोनाल्ड ट्रम्प र उहाँका चरमपन्थी सहयोगीहरूलाई देशभर परास्त गरिरहेका छन्' भनी एक्समा लेख्दै पार्टीको पुनरुत्थान भएको घोषणा गर्नुभयो।

न्युयोर्कको क्विन्स जिल्लाका सांसदसमेत रहेका ममदानीले बढ्दो जीवनयापन लागत, सार्वजनिक यातायात, बाल हेरचाह सुविधा र सहरद्वारा सञ्चालित किराना पसलहरू जस्ता ठोस मुद्दामा जनतालाई आकर्षित गर्नुभएको थियो। उहाँको सरल व्यक्तिगत शैली, सामाजिक सञ्जालमार्फतको सक्रियता र जनस्तरमा प्रत्यक्ष अभियानले व्यापक जनसमर्थन दिलायो।

"अर्को र अन्तिम गन्तव्य सिटी हल हो", ममदानीले विजयी घोषणा पछि एक्समा पोस्ट गरिएको भिडियो सन्देशमा भन्नुभयो।

स्व-वर्णित समाजवादी ममदानी पहिले लगभग अपरिचित हुनुहुन्थ्यो, तर पूर्व गभर्नर एन्डङ्यु कुओमोमाथि डेमोक्रेटिक मनोनयनमा जित हासिल गरेपछि उहाँ चर्चामा आउनुभयो। मङ्गलबारको मुख्य चुनावमा पनि उहाँले कुओमो र रिपब्लिकन उम्मेदवार कर्टिस स्लिवा दुवैलाई पराजित गर्नुभयो। स्लिवा गार्जियन एन्जल्स नागरिक अपराध गस्ती समूहका संस्थापक हुनुहुन्छ।

ट्रम्पले चुनावको अन्तिम घडीमा ममदानीलाई 'यहुदी विरोधी' भन्दै व्यक्तिगत आक्रमण गर्नुभएको थियो, तर त्यो आरोप जनतामाभ्फ प्रभावहीन रह्यो। त्यसैबीच, प्रमुख व्यापारी बिल एकम्यानसहितका आर्थिक वृतका ठूला व्यक्तिहरूले ममदानीका विपक्षीहरूलाई आर्थिक सहयोग गरे पनि परिणाम बदल्न सकेनन्।

यस वर्षको निर्वाचनमा करिब १४ लाख ५० हजार मतदाताले मतदान गरेका थिए। यो सन् २०२१ को मतसङ्ख्याभन्दा धेरै थियो।

राजनीतिक विश्लेषकहरूका अनुसार ममदानीको यो अप्रत्याशित उत्थानले डेमोक्रेटिक पार्टीभित्र मध्यमार्गी र वामपन्थी धारबीचको बहसलाई अझ प्रज्वलित गर्नेछ। सिराक्युज विश्वविद्यालयका राजनीति विज्ञ प्रोफेसर ग्रान्ट रीहरले भन्नुभयो, "न्युयोर्क जस्तो सहरमा शासन गर्नु आफैँमा चुनौती हो, जहाँ हरेक पक्षले आफ्नो धारिलो चक्कु निकालिसकेको छ।"

कुओमोको निर्वाचन पार्टीमा निराशाको वातावरण थियो। केही समर्थकले ट्रम्पले अब सहरमा नेशनल गार्ड पठाउने सम्भावना व्यक्त गरे भने अरूले दक्षिणपन्थी मत विभाजनका लागि स्लिवालाई दोष दिए।

न्युजर्सीमा डेमोक्रेट उम्मेदवार मिकी सेरिलले ट्रम्प समर्थित व्यापारीलाई पराजित गर्नुभयो भने भर्जिनियामा एबिगेल स्प्यानबर्गरले गभर्नर पद पुनः डेमोक्रेटहरूको कब्जामा ल्याउन सफल हुनुभयो।

पूर्वराष्ट्रपति बाराक ओबामाले यी दुवै उम्मेदवारलाई समर्थन गर्नुभएको थियो। जीतपछि ओबामाले भन्नुभयो, "हामीसँग अझ धेरै काम बाँकी छ, तर भविष्य अहिले अलि उज्यालो देखिन थालेको छ।"


नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी

राजविराज

प.सं. २०८२/०८३ मिति: २०८२/०७/१८

च.नं. १५४५

विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना ।

जाहिस सिंहको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे इनर्वाफुलबरिया रैती नं. ७४ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. इनर्वा फुलबरिया वडा नं. ७ हाल परिवर्तित खडक न.पा. वडा नं. १० वस्ने शिव नारायण साहु र सत्रुघन साहुको यस कार्यालयमा द.नं. २३५१ मिति २०८२/०५/१० गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०७/१८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| २९१,२९२ | इनर्वा फुलबरिया | ४क | ११८<br>१२२ | ०-६-९<br>०-८-७ | जाहिस सिंह | फिल्डबुक को कैफियत महलमा यो जग्गामा वादी श्री ५ को सरकार र प्रतिवादी सत्रुघन समेत जना ८ को सर्वोच्च अदालतमा झगडा छ भनि उल्लेख रहेको |
| ५८३ | इनर्वा फुलबरिया | ६क | १४० | १-०-८ | | |

श्री किशोर कुमार राम

नि. प्रमुख मालपोत अधिकृत

नि. प्रमुख मालपोत अधिकृत


## विश्व समाचार

### फिलिपिन्समा कलमेगी चक्रवातका कारण मृत्यु हुनेको संख्या ६६

मनिला, १९ कात्तिक (रासस/सिन्ह्वा)।

आइतवार देखि फिलिपिन्समा आएको कलमेगी चक्रवातका कारण मृत्यु हुनेहरुको सङ्ख्या ६६ पुगनका साथै, थप २६ जना बेपत्ता भएको फिलिपिन्सको नागरिक रक्षा कार्यालय (ओसीडी) ले बुधवार जनाएको छ।

ओसीडीका उप प्रशासक राफेलिटो अलेजान्ड्रोले सबै भन्दा बढी प्रभावित सेबु प्रान्तमा चक्रवातका कारण ४९ जनाको मृत्यु भएको मिडियालाई बताउनु भएको छ।

उहाँका अनुसार आँधीका कारण कम्तीमा १० जना घाइते भएका छन् भने ७ लाख ६ हजार भन्दा बढी मानिसहरु प्रभावित भएका छन्।

बुधबार सम्म, फिलिपिन्सको मौसम विज्ञान विभागले कलमेगी केन्द्र एल निडो, पलावनमा २५ किलोमिटर प्रति घण्टाको गतिमा पश्चिम-उत्तरपश्चिमतर्फ सर्दै १२० किलोमिटर प्रति घण्टाको अधिकतम हावा र १६५ किलोमिटर प्रति घण्टा हावाको साथ आएको जनाएको छ।

विभागका अनुसार कलमेगी यस वर्ष फिलिपिन्स द्वीपसमूहमा प्रहार गर्ने २० औं चक्रवात हो। प्रशान्त चक्रवात क्षेत्रमा अवस्थित फिलिपिन्सले प्रत्येक वर्ष औसत २० वटा चत्रदवातको सामना गर्ने गरेको जनाइएको छ।

### उत्तरी नाइजेरियामा भएको गोलाबारीमा २१ जनाको मृत्यु

अबुजा (नाइजेरिया), १९ कात्तिक (रासस/क्यूएनए)।

उत्तरपश्चिमी नाइजेरियामा सशस्त्र सेना र आतङ्कवादीहरूबिच भएको गोलीबारीमा १९ जना आतङ्कवादी र दुई जना सैनिकको मृत्यु भएको नाइजेरियाली सेनाले घोषणा गरेको छ।

नाइजेरियाली सेनाले कानो राज्यमा सशस्त्र समूहसँग भएको गोली हानाहानको पुष्टि गर्दै जारी गरेको विज्ञप्तिमा अपरेसनका क्रममा दुई जना सैनिक र एक जना स्थानीय गार्डको पनि मृत्यु भएकोसमेत उल्लेख गरेको छ।

उत्तरी नाइजेरियामा बढ्दो असुरक्षा कम गर्ने सैन्य अभियानको एक हिस्साको रूपमा यो अपरेसन आएको विज्ञप्तिमा भनिएको छ। धेरै सैनिक र संयुक्त फोर्सका सदस्यहरूलाई सामान्य चोट लागेको र उपचारका अस्तपाल लगिएको जनाइएको छ।

नाइजेरियाका उत्तरपूर्वी राज्यहरूमा सन् २००९ मा विद्रोह सुरु गरेका सशस्त्र समूहहरूले पटक-पटक आक्रमण गर्दा करिब ४० हजार मानिसहरुको मृत्यु हुनुका साथै करिब २० लाख नाइजेरियालीहरू विस्थापित भएका छन्।

### अन्तरिक्ष यान सानो भग्नावशेषले ठोक्किएको आशंका

बेइजिङ, १९ कात्तिक (रासस/एपी)।

चिनियाँ अन्तरिक्ष यात्रीहरूको एउटा टोली पृथ्वीमा फर्कने तयारीमा रहँदा तिनीहरूको अन्तरिक्ष यान सानो भग्नावशेष (डेब्रिस) सँग ठोक्किएको आशङ्का भएपछि फिर्तीको मिति स्थगित गरिएको छ।

राज्य प्रसारण संस्था सिसिटिभीका अनुसार प्रारम्भिक रूपमा बुधबारका लागि तय गरिएको फिर्ती अब अनिश्चित मितिसम्मका लागि ढिलाइ गरिएको छ। यद्यपि, यसबारे थप प्राविधिक विवरण सार्वजनिक गरिएको छैन।

शेनझोउ-२० नामक मिसनअन्तर्गत रहेका ती तीन जना अन्तरिक्ष यात्रीहरू– टोलीका नेता चेन डोङ, लडाकू पाइलट चेन झोङरुई र इन्जिनियर वाङ जी – गत अप्रिलमा तियाङगोङ्ग अन्तरिक्ष स्टेशनमा प्रस्थान गर्नुभएको थियो। अहिले उहाँहरूले आफ्नो करिब छ महिनाको कक्षीय मिशन पूरा गर्न लाग्नुभएको छ।

यसैबीच, नयाँ टोली लिएर गएको शेनझोउ-२१ मिसन शनिबार सफलतापूर्वक तियाङगोङ्ग अन्तरिक्ष स्टेशनमा डक भएको छ। नयाँ टोलीले शेनझोउ-२० का अन्तरिक्ष यात्रीहरूको स्थान ग्रहण गर्नेछ।

चीनले सन् २००३ मा पहिलो पटक आफ्ना नागरिकलाई अन्तरिक्षमा पठाएपछि निरन्तर प्रगति गर्दै आएको छ। आज चीनले आफ्नै स्थायी अन्तरिक्ष स्टेशन निर्माण गरी नियमित रूपमा मानवयुक्त मिशन सञ्चालन गरिरहेको छ। यससँगै, चिनियाँ अन्तरिक्ष निकायले सन् २०३० भित्र व्यक्तिलाई चन्द्रमामा अवतरण गराउने महत्त्वाकांक्षी लक्ष्य पनि तय गरेको छ।

यो पछिल्लो ढिलाइलाई चिनियाँ अधिकारीहरूले सावधानीका रूपमा लिएका छन्। सम्भावित भग्नावशेषको प्रभावको सम्पूर्ण मूल्याङ्कन गरेपछि मात्र अन्तरिक्ष यात्रीहरूलाई सुरक्षित रूपमा पृथ्वीमा फर्काइने बताइएको छ।

# माओवादी र एकीकृत समाजवादीसहित दश वामशक्तिबीच एकता घोषणा



काठमाडौँ, १९ कात्तिक (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)सहित विभिन्न दश वामपन्थी पार्टीबीच एकता घोषणा भएको छ ।

भृकुटीमण्डपमा बुधबार आयोजित विशेष समारोहमा माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेकपा (माओवादी समाजवादी) र नेकपा (साम्यवादी)लगायत वाम पार्टीबीच एकता घोषणा गरिएको हो ।

एकता घोषणापछि एकीकृत पार्टीको नाम 'नेपाली कम्युनिष्ट पार्टी' राखिएको छ । एकता घोषणासभामा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, माओवादीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका वरिष्ठ नेता वामदेव गौतम, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव, नेपाल कम्युनिष्ट पार्टीका महासचिव चिरन पुनलगायत शीर्ष नेता तथा कार्यकर्ता सहभागी हुनुभएको छ ।

एकीकृत पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद राखिएको छ । सो अवसरमा उक्त पार्टीको चुनाव चिह्न 'पाँचकुने तारा' सार्वजनिक गरिएको हो ।

त्यस अवसरमा एकीकृत समाजवादीका वरिष्ठ नेता एवं एकता संयोजन समिति सदस्य प्रमेश हमालले सुशासन, सामाजिक न्याय र आर्थिक रुपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आजको आवश्यकता भएकाले विभिन्न वाम घटकबीच एकता भएको बताउनुभयो । उहाँका अनुसार पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रुपान्तरण गर्दै समाजवादको आधार तयार गर्ने पार्टीको तत्कालीन कार्यनीति रहेको छ ।

एकीकृत पार्टीबीच आगामी छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशनको आयोजना गर्ने सहमति भएको छ । एकता प्रक्रियामा सहभागी भएका पार्टीका साविकका केन्द्रीय समितिलाई समायोजन गर्दै आपसी सहमतिको आधारमा केन्द्रीय समिति गठन गरिनेछ । केन्द्रीय समितिमा संयोजक र सहसंयोजक पद रहनेछ । प्रदेश, जिल्ला, पालिका र वडा तहका सबै समितिहरूमा पनि संयोजक र सहसंयोजकको व्यवस्था हुनेछ ।

एकता राष्ट्रिय सम्मेलन र एकता महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, आयोजना, सङ्गठनात्मक संरचनाको गठन सबै आपसी सहमति र समझदारीमा गरिने नौ दलहरूबीच सहमति भएको छ । पार्टी समितिहरूको सञ्चालन सामूहिक नेतृत्व प्रणालीमा आधारित जनवादी केन्द्रीयताको सिद्धान्तअनुरुप हुने उल्लेख छ ।

# विद्युत् महसुल विवाद समाधानको दिशामा

काठमाडौँ, १९ कात्तिक (रासस) ।

डेडिकेटेड र ट्रङ्कलाइनको महसुलसम्बन्धी विवाद क्रमशः समाधानको दिशामा पुगेको छ । उद्योगी तथा व्यवसायीले प्राधिकरणले तय गरेको २८ वटा किस्तामध्ये पहिलो किस्ता शर्तसहित तिर्न तयार भएपछि विवाद समाधान हुनेतर्फ अघि बढेको हो ।

उद्योगी तथा व्यवसायीले पहिलो किस्ता बुझाएको १५ मिनेटभित्रै काटिएका लाइन जोडन नेपाल विद्युत् प्राधिकरण समेत तयार भएको छ ।

सोमबारमात्रै चार वटा उद्योगले पहिलो किस्ता जम्मा पारेको १५ मिनेटमा नै प्राधिकरणले विच्छेद गरिएको लाइन जोडिदिएको थियो । यसबाट पनि क्रमशः सकारात्मक वातावरण बनेको अनुमान गर्न सकिन्छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घको सचिवालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्राधिकरणले दिएको २८ किस्ताको सुविधामध्ये पहिलो किस्ताको रकमलाई किस्ताका रुपमा नलिई धरौटीका रुपमा बुझाएपछि काटिएको लाइन जोडिने जानकारी दिनुभयो । पहिलो किस्तालाई किस्ताका रुपमा नमानी धरौटीका रुपमा बुझाएपछि उद्योगीहरु पुनरावलोकनमा जाने र सँगै अन्य कानुनी उपचार खोज्न पनि सक्नेछन् ।

प्रधानमन्त्री सुशीला कार्की, अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ, उद्योग वाणिज्यमन्त्री अनिल सिन्हा, मुख्यसचिव एकनारायण अर्याल, सचिवहरु र नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष ढकालबीच सोमबार भएको छलफलबाट डेडिकेटेड र ट्रङ्कलाइन विवाद समाधानको मध्यमार्गी प्रस्ताव गरिएको थियो ।

प्रस्तावअनुसार उद्योगीले प्राधिकरणले यसअघि रकम बुझाउने गरी दिएको सुविधा २८ किस्ताको एक किस्ता बराबरको रकमलाई किस्ताको रुपमा नभइ विवादित रकम मानि धरौटीका रुपमा बुझाएपछि काटिएको विद्युतको लाइन तुरुन्त जोडिनेछ । उक्त धरौटी रकम बुझाएपछि उद्योगीहरु पुनरावलोकनमा जानेसँगै अन्य कानुनी उपचार पनि खोज्न सक्नेछन् ।

सम्बन्धित उद्योगीले प्राधिकरणमा धरौटी बुझाउँदा नै सोही निवेदनमा आफ्नो असहमति समेत राखी पुनरावलोकन एवं अन्य व्यहोरा उल्लेख गरी पेस गर्न सक्नेछन् ।

समस्या समाधानका लागि महासङ्घ अध्यक्ष ढकालले आइतबार पनि प्रधानमन्त्री कार्की, अर्थमन्त्री खनाललगायत उच्च अधिकारीसँग भेट गर्नुभएको थियो । त्यसलगत्तै सम्बन्धित उद्योगीलाई महासङ्घमा आमन्त्रित गरी छलफल गरिएको थियो ।

उद्योगीहरुले महासङ्घ अध्यक्षलाई छलफल गर्दा किस्ता रकम नभनी विवादित रकमको धरौटीका रुपमा प्राधिकरणले स्वीकार गरी कानुनी उपचारको अवसर प्राप्त भए सहमति हुन सकिने बताएका थिए । अहिले करिब दुइ दर्जन उद्योगको डेडिकेटेड र ट्रङ्कलाइन प्रयोग गरेवापतको प्रिमियम रकम नबुझाएको भन्दै प्राधिकरणले लाइन काटेको छ ।

लामो समयदेखि विवाद समाधानका लागि अनेकन प्रयास भएपनि सार्थक समाधान हुन सकेको थिएन । पछिल्लो पटक सरकार र उद्योगी व्यवसायीबीच छलफलका आधारमा मध्यमार्गी प्रस्ताव तयार पारेर समाधानको उपाय निकालेका हुन् । प्राधिकरणले पनि पहिलो किस्ताको रकम उपलब्ध गराए लाइन जोडिने प्रष्ट पारिसकेकाले विवाद तत्कालका लागि समाधान हुने स्पष्ट भएको छ । डेडिकेटेड र ट्रङ्कलाइन वापतको झण्डै रु आठ अर्ब बराबरको रकम उद्योगीले तिर्नुपर्ने प्राधिकरणले जनाउँदै आएको छ ।

# देशमा व्यवस्था परिवर्तन भएपनि अवस्था परिवर्तन भएन : पूर्वप्रधानन्यायाधीश श्रेष्ठ

ललितपुर, १९ कात्तिक (रासस) ।

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले देश पटकपटक सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिनुपरेकोमा चिन्ता व्यक्त गर्नुभएको छ । करिब एक दशकको अन्तरमा हुने आन्दोलन नै देशको स्थिरता र विकासको बाधक भएको उहाँले बताउनुभयो ।

राष्ट्रिय एकताका लागि नागरिक पहलले बुधबार ललितपुरमा आयोजना गरेको 'राष्ट्रहित सर्वोपरी-२०८२' कार्यक्रममा उहाँले हरेक आन्दोलनबाट व्यवस्था परिवर्तन हुने भए पनि जनताको अवस्थामा परिवर्तन हुन नसक्दा सधैँभरी असन्तुष्टि पैदा हुने र त्यसले सङ्क्रमणकालीन अवस्था निम्त्याउने बताउनुभयो ।

"नेपालमा आन्दोलन धेरै भएका छन्, प्रायःजसो १० वर्षको आसपासमा विभिन्न कालखण्डमा केही न केही आन्दोलन गरिरहन्छौँ । आन्दोलन हुने, व्यवस्था परिवर्तन हुने र परिस्थिति परिवर्तन नहुने भइराखेको छ, यस्तो सङ्क्रमणकालीन अवस्थाले मुलुकमा अस्थिरता ल्याउँछ ।" उहाँले भन्नुभयो ।

जेनजी प्रतिनिधि मोनिका निरौलाले दलहरुभित्र नेतृत्व हस्तान्तरण, आन्तरिक रुपान्तरण आवश्यक रहेको बताउँदै नागरिक बाँच्नका लागि विदेशिनुपर्ने अवस्थाले निराशा पैदा गरेको बताउनुभयो ।

# नेपाली कम्युनिस्ट पार्टीको संयोजकमा दाहाल, सहसंयोजकमा नेपाल चयन

काठमाडौँ, १९ कात्तिक (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) सहित १० दल एकता भएर बनेको नेपाली कम्युनिष्ट पार्टीको संयोजकमा पुष्पकमल दाहाल 'प्रचण्ड' चयन हुनुभएको छ ।

बुधबार यहाँ आयोजित एकता राष्ट्रिय सम्मेलनबाट माधवकुमार नेपाल सहसंयोजक चयन हुनुभयो । सम्मेलनमा अध्यक्ष मण्डलका सदस्य महिन्द्र राय यादवले नवगठित पार्टीको संयोजकमा दाहाल र सहसंयोजकका रूपमा नेपालको नाम प्रस्ताव गर्नुभएको थियो ।

उक्त प्रस्तावलाई सम्मेलनले सर्वसम्मत रूपमा अनुमोदन गरेको हो । त्यसक्रममा नेपाली कम्युनिष्ट पार्टीका वरिष्ठ नेता वामदेव गौतमले सिद्धान्त र व्यवहार फरक हुँदा वामपन्थी शक्तिभित्र समस्या सिर्जना हुने गरेको टिप्पणी गर्दै तत्काल समाजवादी कार्यक्रम लागू गर्नुपर्ने बताउनुभयो ।

"यो पार्टी सबैभन्दा ठूलो संरचना बोकेर तथा बलिदान गरेर आएको पार्टी हो, यो पार्टीले नै समाजवादी कार्यक्रम अघि बढाउन सक्छ", उहाँले भन्नुभयो ।

सो पार्टीका नेता नारायणकाजी श्रेष्ठले नेपाली विशेषता सहितको वैज्ञानिक समाजवादको लक्ष्य पूरा गर्न नेकपा दृढतापूर्वक अघि बढ्ने बताउनुभयो । पार्टी नेतृ पम्फा भुसालले एकीकृत पार्टी नेपालको वामपन्थी आन्दोलनको मूल धारा रहेको उल्लेख गर्दै नयाँ पार्टीले समाजवादी क्रान्तिको कार्यभार पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो ।

### *राजदूत फिर्ता ...*

अवधारणा एवं मुलुकले अङ्गीकार गरिआएको संविधानको धारा १२८ को उपधारा (४) का आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै तवरबाट अदालतको आदेशभन्दा फरक परिणाम निकाल्ने कार्य अदालतको आदेशको अवज्ञा मात्र नभई विधिको शासनलाई कमजोर पार्ने कार्य हो ।"




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*